नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## सिंहदरबार, काठमाण्डौं

(कर्मचारी प्रशासन महाशाखा)

पत्र संख्याः २०७७।०७८
चलानी नं.:

मितिः २०७७।०४।२७

**विषयः निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।**

विश्वव्यापी माहामारीको रुप लिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धमा संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७।०४।२६ मा कार्यालयहरुबाट सेवा प्रवाह गर्ने सम्बन्धमा मिति २०७७।०४।२९ गते बिहिबार देखि लागू हुने गरी देहायका निर्णयहरु भएकोले सरोकारवाला सम्पूर्ण निकायहरुमा कार्यान्वयनका लागि अनुरोध गरिन्छ ।

क) कोभिड-१९ सङ्क्रमणको सक्रिय सङ्क्रमित दूई सय भन्दा बढी भएका जिल्ला र काठमाण्डौं उपत्यकाका सरकारी तथा गैऱ्ह सरकारी निकाय, बैंक, सहकारी, लघुवित्त एवं वित्तिय संघ-संस्था लगायतका जनतासँग प्रत्यक्ष सम्पर्कमा रही सेवा प्रवाह गर्ने सबै कार्यालय, निकाय एवं संघ-संस्थाहले विद्युतीय माध्यमवाट समेत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।

ख) मिति २०७७ श्रावण २९ देखि यी निकायहरुको कार्यसम्पादन एवं सेवा प्रवाहका लागि बढीमा ५० प्रतिशत कर्मचारी कार्यालयमा आलोपालो गरी उपस्थित हुने र अन्य कर्मचारीहरुलाई सुरक्षित रुपमा घरबाटै सम्पादन गर्न सकिने तोकिएका कार्यहरु गर्ने (Work From Home) व्यवस्था सम्बन्धित कार्ययालय प्रमुखले मिलाउने ।

ग) अनलाईन, भर्चुअल वा विद्युतीय माध्यमबाट सेवा प्रवाह गर्न सम्भव नहुने र बढी जनसम्पर्क हुने कार्य अर्को निर्णय नभएसम्मका लागि स्थगित गर्ने, सेवा प्रवाह र जनशक्ति व्यवस्थापनको जिम्मेवारी जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को समन्वयमा सम्बन्धित कार्यालय प्रमुखको हुने ।

घ) मानिसहरुको जमघट, भेटघाट एवं नजिकिने कार्यहरुबाट कोभिड-१९ को सङ्क्रमण बढ्दै गईरहेको हुँदा अत्यावश्यक बाहेकका कुनै पनि प्रकारका बैठक, समीक्षा, गोष्ठी, सेमिनार, छलफल, भेलाजस्ता सामूहिक जमघट हुने कार्यहरु नगर्ने/नगराउने ।

2077/4/26

(राजिव पोखरेल)
सह-सचिव